# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, मंसिर २९ गते २०५८ साल (अतिरिक्ताङ्क ५६

## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना

#### राजगुरुज्यू तथा मूल पुरोहितसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५८

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२१ बमोजिम राजगुरुज्यू तथा मूल पुरोहितसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५८ जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (क) यो नियमावलीको नाम "राजगुरुज्यू तथा मूल पुरोहितसम्बन्धी (पहिलो संशोधन) नियमावली २०५८" रहेको छ ।

(ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राजगुरुज्यू तथा मूल पुरोहितसम्बन्धी नियमावली, २०४९ को नियम ५ मा संशोधनः राजगुरुज्यू तथा मूल पुरोहितसम्बन्धी नियमावली, २०४९ को नियम ५ को उपनियम (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर श्री ५ महाराजाधिराजबाट चाहिबक्सेमा त्यस्तो पदावधि थप गर्न सकिबक्सनेछ ।"

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

652

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।